प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**दलित, मुस्लिम, बिपन्न र सिमान्तकृत समुदायका छात्रछात्राहरुलाई प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरुमा निःशुल्क अध्ययन गर्न भर्ना प्रक्रियाका लागि अनलाइन आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८२।०४।०९ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं ३६४१, मिति २०८२।०३।१९ गतेको पत्र तथा चिकित्सा शिक्षा आयोगको च.नं ३, मिति २०८२।०४।०२ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम दलित, मुस्लिम, बिपन्न र सिमान्तकृत समुदायका छात्रछात्राहरुबाट डिप्लोमा/प्रमाणपत्र तहमा ३२४ र प्रि-डिप्लोमा तहमा ३६ जना गरी जम्मा निर्धारित ३६० वटा कोटाहरुमा देहायका कार्यक्रमहरुमा प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम अन्तर्गत **निःशुल्क** प्राविधिक शिक्षा अध्ययन गर्नका लागि योग्य नेपाली नागरिकहरुबाट भर्ना प्रक्रियाको लागि अनलाईन आवेदन फाराम भरी Submit गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सिमान्तकृत समुदायको हकमा नेपाल सरकारबाट सुचिकृत सुविधा वन्चित २२ वटा आदिवासी जनजाति समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा (ल्होमी), सियार, सुरेल, थामी र थुनम) र हलिया र कमैया समेतलाई मात्र बुझाउनेछ ।

**<u>तपसिल</u>**

**१. लक्षित बर्ग :** दलित, मुस्लिम, बिपन्न, सिमान्तकृत समुदायका छात्रछात्राहरुबाट समेत गरी ३६० जना

**२. शैक्षिक कार्यक्रम, कोटा संख्या र अध्ययन हुने शिक्षण संस्थाहरु :**

**(क) डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका लागि छुट्याइएका कार्यक्रम र कोटाहरुको विवरण :**

| क्र.सं | कार्यक्रम | दलित | मुस्लिम | बिपन्न | सिमान्तकृत | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्रमाणपत्र तह सामान्य चिकित्सा | ४७ | १९ | ७१ | १५ | १५२ |
| २. | प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | ७ | ३ | १० | २ | २२ |
| ३. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | ९ | ४ | १४ | ३ | ३० |
| ४. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | ९ | ४ | १४ | ३ | ३० |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | ९ | ४ | १४ | ३ | ३० |
| ६. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ९ | ४ | १४ | ३ | ३० |
| ७. | डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | ९ | ४ | १४ | ३ | ३० |
| ८. | प्रि-डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | ६ | २ | ८ | २ | १८ |
| ९. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ) | ६ | २ | ८ | २ | १८ |
| | **जम्मा** | **१११** | **४६** | **१६७** | **३६** | **३६०** |

**(ख) प्रमाणपत्र तह सामान्य चिकित्सा र मेडिकल ल्याव टेक्नोलोजी कार्यक्रम अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षालयको नाम | कार्यक्रम |
|---|---|---|
| १. | श्री रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम | प्रमाणपत्र तह सामान्य चिकित्सा |
| २. | श्री निर्मल लामा बहुप्राविधिक शिक्षालय, महोत्तरी | प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी |
| ३. | श्री दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडी, चितवन | प्रमाणपत्र तह सामान्य चिकित्सा |
| ४. | श्री शहिद कृष्णसेन ईच्छुक बहुप्राविधिक शिक्षालय, दाङ्ग | प्रमाणपत्र तह सामान्य चिकित्सा |
| ५. | श्री कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | प्रमाणपत्र तह सामान्य चिकित्सा |
| ६. | श्री सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | प्रमाणपत्र तह सामान्य चिकित्सा |

माथि २(ख)मा तोकिएका शिक्षण संस्थाहरु बाहेकका तल उल्लेखित कार्यक्रमहरुको हकमा परिषद्को प्राविधिक महाशाखाले शिक्षालय तोकि आवेदकहरुलाई भर्नाका लागि सिफारिश गर्नेछ ।

| क्र.सं | कार्यक्रम | कोटा | शिक्षालयको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | ३० | प्राविधिक महाशाखाले शिक्षालय तोकि आवेदकहरुलाई भर्नाका लागि सिफारिश गर्नेछ | |
| २. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | ३० | | |
| ३. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | ३० | | |
| ४. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३० | | |
| ५. | डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | ३० | | |
| ६. | प्रि-डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | १८ | | |
| ७. | प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ | १८ | | |
| | **जम्मा** | **१८६ जना** | | |

**३. आवश्यक न्यूनतम योग्यता <u>(१) डिप्लोमा/प्रमाणपत्र तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :</u>**

<u>(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा:</u>

| क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरु | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषदबाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको प्रवेशिका परीक्षाको हकमा:

| क.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका सामान्य चिकित्सा र मेडिकल ल्याव टेक्नोलोजी कार्यक्रमको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेक अन्य कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**३(२) प्रि-डिप्लोमा तह १८ महिने कार्यक्रमका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्व: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा

(ख) अक्षराङ्कन पद्धति लागू भए पश्चात : एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेस भई नतिजामा Non Graded (NG) लागेका बिद्यार्थीहरु समेत यो तहको कार्यक्रममा सहभागी हुन सक्ने

## ४. अनलाइन आवेदन फाराम सम्वन्धी व्यवस्था :

(अनलाइन आवेदन फाराम प.नि.का.को वेवसाईट www.ctevtexam.org.np मा उपलब्ध रहेको फाराम भरी कागजातहरु संलग्न राखी Submit गर्नुपर्नेछ ।

## ५. अनलाईन आवेदन फाराम भर्ने मितिः

| | |
|---|---|
| अनलाइन आवेदन फाराम भर्ने मिति | : २०८२ श्रावण ११ गते आईतबार देखि |
| अनलाइन आवेदन भर्ने अन्तिम मिति | : २०८२ श्रावण २९ गते बिहीबार राती ११:५९ बजेसम्म |
| आवेदन फाराम शुल्क | : निःशुल्क |

## ६. अनलाइन आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

अनलाइन फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु आवेदक स्वयंले पेश गर्नुपर्नेछ । अनलाइन आवेदन फाराममा समावेश गर्नुपर्ने कागजातहरु संलग्न नगरेमा आवेदकको फाराम रद्ध हुनेछ ।

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) **दलितको हकमा** राष्ट्रिय दलित आयोग/सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयबाट प्रमाणित गरिएको प्रमाणपत्र वा दलित परिचय पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) **मुस्लिमको हकमा** सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) **बिपन्नको हकमा** स्थानीय तहले बिपन्न परिवारको छात्रछात्रा भनी सिफारिश गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

(ङ) **सिमान्तकृत समुदायको हकमा** नेपाल सरकारबाट सुचिकृत सुविधा वन्चित २२ वटा आदिवासी जनजाति समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा (ल्होमी), सियार, सुरेल, थामी र थुनम) र हलिया र कमैया समेतको सम्वन्धित पालिकाको पत्रको प्रमाणित प्रतिलिपी ।

(च) एस.इ.ई, प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा उत्तीर्ण गरेको मार्कशीट, चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र २९ महिने प्राविधिक एस.एल.सी.को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्र ।

(छ) माइग्रेशन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.इ.ई बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा आवश्यक पर्ने) ।

(ज) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो ।

(झ) बसाई सराईको हकमा सूचना प्रकाशन भएको मितिभन्दा छ (६) महिना अगाडि बसाई सराई गरिएको स्थानीय निकायको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

## ७. छनौट प्रकृया सम्वन्धी जानकारी :

एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अंक र सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई वा एस. एल.सी. उत्तीर्णलाई थप अंकभार वापत १ र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अंकभार वापत ०.८५ बमोजिमको अंक जोडि उच्च अंक प्राप्त गर्ने आवेदकको योग्यताक्रम सूची निर्धारण गरिनेछ । अक्षराङ्कन पद्दति लागु हुनु भन्दा अगाडिको एस.एल.सी. परीक्षाको प्राप्तांकलाई औसत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी आवेदकको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

| क.स. | उपलब्धि प्रतिशत | स्तरिकृत अंक | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(१) एस.एल.सी./एस.ई.ई.को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई.परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको Final Grade को आधारमा योग्यताक्रम सूची प्रकाशित गरिनेछ ।

(२) यसो गर्दा अंक बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेद्वारलाई प्राथमिकता दिइने छ । सो गर्दा पनि बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(३) अनलाइन आवेदन फाराम भर्दा एस.ई.ई. मा **अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अंग्रेजीको Grade Point Entry** गर्नु पर्नेछ साथै अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा **एस.एल.सीका सबै विषयको प्राप्तांक Online Entry गर्नु पर्नेछ।**

(४) अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ

$$GPA = \frac{\sum(Grade\ Point\ \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

(५) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमहरुमा प्रशिक्षार्थी भर्नाका लागि योग्यताक्रम सूची सहितको नतिजा प्रकाशन गर्ने कार्य परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ।

(६) उल्लेखित बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा नतिजा प्रकाशन गरिनेछ र सो को संक्षिप्त सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी www.ctevtexam.org.np मा विस्तृत नतिजा विवरण राखिनेछ। **प्रमाणपत्र तहको सामान्य चिकित्सा र मेडिकल ल्याव टेक्नोलोजी कार्यक्रम बाहेक**को कार्यक्रमहरुको हकमा परिषद्को प्राविधिक महाशाखाले शिक्षालय तोकी आवेदकहरुलाई भर्नाका लागि सिफारिश गर्नेछ।

**८. <u>कोटा रिक्त भएमा :</u>**

लक्षित बर्ग र समुदाय अन्तर्गतको कुनै कार्यक्रममा निर्धारित कोटा खाली रहन गएमा अन्य बर्ग वा समूहबाट अनलाईन आवेदन भरी छनौट भएका मध्येबाट उच्चतम अंक प्राप्त गर्ने आवेदकहरु छनौट गरिनेछ।

**९. <u>रजिष्ट्रेशन सम्वन्धमा :</u>**

कार्यक्रममा भर्ना भएको आवेदकलाई परिषद्को भर्ना सम्वन्धी निर्देशिका, २०८२ बमोजिम बिद्यार्थी भर्ना तथा रजिष्ट्रेशनको समयावधि २०८२ मंसिर २५ गतेसम्म रहेकोले शिक्षण संस्थाले रजिष्ट्रेशन फाराम भराई ITMS मा Online Entry गरी समष्टिगत विवरण सहीत सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा फाइल पेश गर्नुपर्नेछ। रजिष्ट्रेशनको शुल्क एकमुष्ट रुपमा शिक्षालयहरुले मिति २०८२ मंसिर २६ गते भित्रमा परिषद्को खातामा Online बाट वा सम्वन्धित प्रदेश कार्यालयको खातामा जम्मा गरी रजिष्ट्रेशन फाइल मंसिर २९ गते भित्रमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

**१०. <u>प्रशिक्षार्थीले प्राप्त गर्ने सुविधा :</u>**

(क) भर्ना छनौट प्रक्रियाबाट मुख्य आवेदकको रुपमा सिफारिश भएर तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिष्ट्रेशन कायम भएका बिद्यार्थीलाई निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।, यातायात खर्च बापत प्रति बर्ष रु. १,५००।, पोशाक खर्च बापत प्रतिबर्ष रु २,५००। तथा प्रशिक्षण अवधिभरका लागि निःशुल्क छात्रावासको व्यवस्था गरिनेछ।

(ख) परिषद् अन्तर्गतका नियमित तथा अन्य कार्यक्रममा रजिष्ट्रेशन प्रक्रिया भई अध्ययनरत बिद्यार्थीहरुले यस बमोजिमको छात्रबृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन्। त्यस्ता विद्यार्थीले आवेदन फाराम भरेको पाइएमा स्वतः रद्ध हुनेछ।

(ग) भर्ना भएका बिद्यार्थीको कक्षा संचालन मिति २०८२ भाद्र तेस्रो हप्ता देखि शुरु हुनेछ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**